# आर्थिक वर्ष २०६७/६८ को मौद्रिक नीति

## (सारांश)

### पृष्ठभूमि

१. आर्थिक वर्ष २०६६/६७ न्यून आर्थिक वृद्धिदर, उच्च व्यापार घाटा, शोधनान्तर घाटा एवम् दुई अंकको मूल्य वृद्धि र बैंकिङ्ग क्षेत्रमा तरलताको कमी भएको वर्षको रुपमा रह्यो । विदेशी विनिमय सञ्चितिमा ह्रास तथा निक्षेपको वृद्धिमा शिथिलता आएकोले बैकिङ्ग क्षेत्रको तरलतामा संकुचन आयो । तथापि, आर्थिक वर्ष २०६६/६७ को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत अवलम्वन गरिएका नीति तथा कार्यक्रमहरुको परिणामस्वरुप शोधनान्तर स्थितिमा क्रमिक सुधार भई समष्टिगत आर्थिक स्थायित्व सुदृढ हुँदै आएको छ ।

२. आर्थिक वर्ष २०६६।६७ मा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर आधारभूत मूल्यमा ३.५ प्रतिशत र उत्पादकको मूल्यमा ४.६ प्रतिशत रहेको प्रारम्भिक अनुमान छ । कृषि क्षेत्रको उत्पादन १.१ प्रतिशतले, उद्योग क्षेत्रको उत्पादन ३.९ प्रतिशतले र सेवा क्षेत्रको उत्पादन ५.५ प्रतिशतले बढेको अनुमान छ ।

३. २०६७ जेठ महिनामा वार्षिक विन्दुगत आधारमा उपभोक्ता मूल्य वृद्धिदर ९.६ प्रतिशत (गत वर्षको सोही अवधिमा १२.३ प्रतिशत) रहेको छ । खाद्य तथा पेय पदार्थ समूहको मूल्य वृद्धिदर ११.३ प्रतिशतले र गैर-खाद्य तथा सेवा समूहको मूल्य ७.३ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०६६/६७ मा वार्षिक औसत मूल्य वृद्धिदर १०.५ प्रतिशत रहने संशोधित अनुमान रहेको छ ।

४. आर्थिक वर्ष २०६६।६७ मा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च २०.२ प्रतिशतले बढेर रू. २४८ अर्ब ३७ करोड पुगेको छ । चालू खर्च २०.७ प्रतिशतले र पूँजीगत खर्च २०.२ प्रतिशतले बढेको छ । राजस्व परिचालन २५.४ प्रतिशतले वृद्धि भई रू. १७९ अर्ब ९५ करोड पुगेको छ । आर्थिक वर्ष २०६६।६७ मा नेपाल सरकारले रू ६ अर्ब १६ करोडको अधिविकर्ष समेत गरी रू ३६ अर्ब ७ करोड आन्तरिक ऋण परिचालन गरेको छ ।

५. आर्थिक वर्ष २०६६।६७ को एघार महिनामा चालू खाता रू. ३४ अर्ब ५९ करोड र शोधनान्तर स्थिति रु. १५ अर्ब ७ करोडले घाटामा रहेको छ । पछिल्लो समयमा लिइएका मौद्रिक कदमहरूका कारण शोधनान्तर स्थितिमा क्रमशः सुधार हुँदै गइरहेकोले आर्थिक वर्षको अन्त्यमा सो घाटा रू ५ अर्बको हाराहारीमा रहने अनुमान छ ।

६. आर्थिक वर्ष २०६६।६७ मा वैदेशिक रोजगारीमा जानेहरुको संख्या ३५.४ प्रतिशतले बढेको छ । आर्थिक वर्ष २०६६।६७ को एघार महिनामा वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण ११.८ प्रतिशतले वृद्धि भई रु. २११ अर्ब १७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो विप्रेषण आप्रवाह रू. १८८ अर्ब ८८ करोड रहेको थियो ।

७. २०६७ जेठ मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६६ असार मसान्तको तुलनामा ६.९ प्रतिशतले घटेर रू. २५९ अर्ब ९२ करोड पुगेको तथा २०६७ असार मसान्तसम्ममा सोमा उल्लेख्य सुधार भई रू २६७ अर्ब पुगेको अनुमान छ । विदेशी विनिमय सञ्चितिको विद्यमान स्तर करिव ८ महिनाको वस्तु र करिव ७ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ ।

८. वाणिज्य बैंकहरुको कुल निक्षेप २०६६ असारको तुलनामा १२.२ प्रतिशतले वृद्धि भई २०६७ असारमा रू ६१७ अर्ब पुगेको अनुमान छ । त्यस्तै, कर्जा १७.८ प्रतिशतले वृद्धि भई रू ४७६ अर्ब पुगेको अनुमान छ । “ख” वर्गका विकास बैंकहरुको निक्षेप परिचालन २०६६ असार मसान्तको तुलनामा ४१.१ प्रतिशतले वृद्धि भई २०६७ जेठ मसान्तमा रू ६८ अर्ब ३४ करोड पुगेको छ । त्यसैगरी, कर्जा तथा लगानी २०६६ असार मसान्तको तुलनामा ५३.२ प्रतिशतले वृद्धि भई रू. ६३ अर्ब १८ करोड पुगेको छ । “ग” वर्गका वित्त कम्पनीहरूको कुल निक्षेप २०६६ असारको तुलनामा २४.८ प्रतिशतले वृद्धि भई रू. ७१ अर्ब २३ करोड पुगेको छ भने कर्जा तथा लगानी २७.४ प्रतिशतले वृद्धि भई रू ७६ अर्ब ३९ करोड पुगेको छ ।

९. २०६६ असार महिनाको तुलनामा २०६७ जेठ महिनामा मुद्दति निक्षेपको अधिकतम व्याजदर ९.५० प्रतिशतबाट बढेर १३ प्रतिशतसम्म पुगेको छ ।

१०. आर्थिक वर्ष २०६६/६७ मा मौद्रिक लक्ष्यहरूमध्ये विस्तृत मुद्राप्रदाय १७ प्रतिशतले वृद्धि हुने प्रक्षेपण रहेकोमा १४ प्रतिशतले बढेको अनुमान छ। आर्थिक वर्ष २०६६/६७ को एघार महिनामा निक्षेप ६.३ प्रतिशतले, कर्जा तथा लगानी १४.१ प्रतिशतले र निजी क्षेत्रतर्फको कर्जा १७.२ प्रतिशतले बढेको छ।

११. आर्थिक वर्ष २०६६/६७ को मौद्रिक नीतिको मध्यावधि समीक्षामा तोकिएका उत्पादनमूलक क्षेत्रतर्फ कर्जा प्रवाह बढाउने उद्देश्यले पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था गरिएकोमा यस व्यवस्था अन्तर्गत २०६७ असार मसान्तसम्ममा १२ वटा बैंकहरूलाई कुल रू ३ अर्ब ५३ करोड पुनरकर्जा सुविधा स्वीकृत भएकोमा ९ वटा बैंकहरूले रू २ अर्ब ८५ करोड उपयोग गरेका छन् भने ३ विकास बैंक तथा १ वित्त कम्पनीले रू ५८ करोड ४२ लाख सुविधा उपयोग गरेका छन्।

१२. आर्थिक वर्ष २०६६/६७ मा खरिद बोलकबोल र रिपो बोलकबोलमार्फत क्रमशः रू ३ अर्ब ३८ करोड र १३१ अर्ब ६८ करोड गरी कुल रू १३५ अर्ब ६ करोड तरलता प्रवाह गरियो भने सोभ्कै बिक्री बोलकबोलबाट रू ७ अर्ब ४४ करोड र रिभर्स रिपो बोलकबोलबाट रू १ अर्ब गरी कुल रू ८ अर्ब ४४ करोड तरलता प्रशोचन गरियो।

१३. स्थायी तरलता सुविधा अन्तर्गत आर्थिक वर्ष २०६६/६७ मा कुल रू ९५ अर्ब ९४ करोड उपयोग भएको छ। यस्तो सुविधा अन्तर्गत विकास बैंक तथा वित्त कम्पनीले क्रमशः रू ६९ करोड ७० लाख र रू २ करोड ७० लाखको सुविधा उपयोग गरेका छन्।

## आर्थिक वर्ष २०६७/६८ को मौद्रिक नीति तथा वित्तीय क्षेत्र कार्यक्रम

१४. राष्ट्रिय अर्थतन्त्रको परिदृश्य र अन्तर्राष्ट्रिय आर्थिक जगत्मा विकसित घटनाक्रमहरूले नेपाली अर्थतन्त्रमा पार्न सक्ने प्रभाव समेतको विश्लेषणको आधारमा आर्थिक वर्ष २०६७/६८ को मौद्रिक नीतिको कार्यदिशा, कार्यक्रम र मौद्रिक उपकरणको चयन गरिएको छ। समष्टिगत आर्थिक स्थायित्व हासिल गर्दै त्रिवर्षीय योजनाले अपेक्षा गरेको आर्थिक वृद्धिदर हासिल गर्न टेवा पुऱ्याउने रणनीति मौद्रिक नीतिले लिएको छ।

१५. कम्तीमा छ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने गरी विदेशी विनिमय संचिति कायम गर्न सहयोग पुग्ने गरी मौद्रिक नीति तर्जुमा गरिएको छ।

१६. मौद्रिक तथा समष्टिगत आर्थिक व्यवस्थापनमा मूल्य वृद्धि विगत केही वर्षदेखि प्रमुख चुनौतीको रूपमा रहँदै आएकोले अधिक मौद्रिक विस्तारले मूल्य वृद्धि गराउन सक्ने तर्फ सचेत रही मौद्रिक नीति तर्जुमा गरिएको छ।

१७. बाह्य क्षेत्र स्थायित्वका लागि यथार्थ प्रभावकारी विनिमय दर तटस्थ बनाई राख्न यसको नियमित अनुगमन गरी मौद्रिक व्यवस्थापन गरिनेछ।

१८. मौद्रिक सहजताको सामान्य उपकरणहरूमाभन्दा पनि क्षेत्रगत कर्जामुखी उपकरणहरूमा जोड दिन आवश्यक भएकोले तोकिएका उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाहलाई सहज बनाउन पुनरकर्जामा विस्तार गर्नुको अतिरिक्त नैतिक दवाव मार्फत पनि कर्जा प्रवाहलाई निर्दिष्ट गर्ने नीति लिइएको छ।

१९. छरिएर रहेको वित्तीय साधनलाई बैंकिङ्ग प्रणालीमा आकर्षित गर्न, अनुत्पादक क्षेत्रमा हुने लगानी र उपभोगलाई निरुत्साहित गर्न निक्षेपको यथार्थ व्याजदर सकारात्मक हुनु आवश्यक छ। पूँजी पलायनलाई निरुत्साहित गर्न पनि व्याजदर छिमेकी मुलुकसंग प्रतिस्पर्धी हुनु जरुरी भएको पक्षलाई पनि दृष्टिगत गरी मौद्रिक नीति तय गरिएको छ।

### आर्थिक तथा मौद्रिक लक्ष्य

२०. आर्थिक वर्ष २०६७/६८ को लागि रू ९ अर्बको हाराहारीमा शोधनान्तर बचत कायम गर्ने तथा वार्षिक औसत मुद्रास्फीति ७ प्रतिशत रहने प्रक्षेपण छ। त्रिवर्षीय योजनाको आधारपत्रमा उल्लेखित ५.५ प्रतिशतको वार्षिक औसत आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्न सहजता प्रदान गर्न आवश्यक पर्ने कर्जा र मौद्रिक तरलताको व्यवस्थापन मौद्रिक नीतिको अन्तर्निहित लक्ष्य रहेको छ।

२१. विस्तृत मुद्रा प्रदायको वृद्धिदर १५ प्रतिशत र वाणिज्य बैंकहरूबाट निजी क्षेत्रमा प्रवाह हुने कर्जाको वृद्धिदर १६.४ प्रतिशत रहने प्रक्षेपण छ। लक्षित आर्थिक वृद्धिदर, शोधनान्तर बचत र व्याजदर वृद्धिको विद्यमान प्रवृत्तिबाट निक्षेप परिचालनमा पर्ने सकारात्मक प्रभाव समेतको आधारमा वाणिज्य बैंकहरूको कुल निक्षेप परिचालनको वृद्धिदर १५ प्रतिशत रहने अनुमान छ।

**मौद्रिक नीति संचालन तथा उपकरण**

२२. मौद्रिक नीतिको प्रमुख उपकरणको रूपमा खुला बजार कारोबारलाई लिइनेछ। रिपो तथा रिभर्स रिपो बोलकबोलको अधिकतम ४५ दिनको अवधिलाई यथावत् कायम गरिएको छ।

२३. अनिवार्य नगद अनुपातलाई विद्यमान ५.५ प्रतिशतमा यथावतै कायम गरिएको छ। सर्वसाधारणबाट निक्षेप परिचालन गर्ने "घ" वर्गका वित्तीय संस्थाहरूले पनि २ प्रतिशत अनिवार्य नगद अनुपात कायम गर्नु पर्ने व्यवस्था गरिएको छ। बैंक दरलाई भने ६.५ प्रतिशतबाट बढाएर ७ प्रतिशत कायम गरिएको छ।

२४. वैधानिक तरलता अनुपात सम्बन्धी व्यवस्थालाई पुनरावलोकन गरी वाणिज्य बैंकको हकमा १५ प्रतिशत, विकास बैंकको हकमा ११ प्रतिशत, वित्त कम्पनीको हकमा १० प्रतिशत, चल्ती खाता खोल्न स्वीकृत नलिएका वित्त कम्पनीको हकमा ६ प्रतिशत र "घ" वर्गका वित्तीय संस्थाहरूको हकमा ४ प्रतिशत कायम गर्नु पर्ने व्यवस्था गरिएको छ। नेपाल सरकारको ऋणपत्रमा गरेको लगानी, ढुकुटीमा रहेको नगद र नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात रकमलाई यस प्रयोजनको लागि गणना गर्न पाउने व्यवस्था गरिएको छ।

२५. स्थायी तरलता सुविधाको व्याजदर गणना गर्दा पछिल्लो ९१-दिने ट्रेजरी विल्सको भारित औसत व्याजदर वा प्रचलित बैंकदर जुन अधिकतम छ त्यसैमा ३ प्रतिशत पेनाल दर जोडी कायम गर्ने व्यवस्था गरिएको छ।

२६. असल कर्जाको धितोमा वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूलाई ७.५ प्रतिशत व्याजदरमा उपलब्ध गराउदै आएको पुनरकर्जा सुविधालाई प्रचलित बैंकदर (७ प्रतिशत) मै उपलव्ध गराउने व्यवस्था गरिएको छ।

२७. कृषि, उर्जा, पर्यटन, घरेलु तथा साना उद्योगतर्फ पर्याप्त लगानी सुनिश्चित गर्न वाणिज्य बैंकहरूबाट ती क्षेत्रहरूमा कर्जा लगानी बढाउन अभिप्रेरित गर्ने नीति अनुरुप बैंकहरूलाई ३-वर्षभित्र ती क्षेत्रहरूमा औसत कर्जा प्रवाह दोब्बर गर्ने कार्ययोजना तयार गरी पेश गर्न लगाई सोही आधारमा अनुगमन र आवश्यक निर्देशन जारी गरिनेछ।

२८. निर्यात उद्योग, रूग्ण उद्योग, साना तथा घरेलु उद्योग र वैदेशिक रोजगारीको लागि तोकिएका वर्गका मानिसहरुलाई प्रवाह हुने कर्जाको लागि १.५ प्रतिशतको विशेष पुनरकर्जा दर कायम गरिएको छ। साथै, रूग्ण उद्योग पुनरकर्जा सुविधालाई निरन्तरता दिइएको छ।

## वित्तीय क्षेत्र सुधार, नियमन तथा सुपरिवेक्षण

२९. पूँजीकोष सम्वन्धी नयाँ मापदण्ड "क" वर्गका वाणिज्य बैंकहरुमा लागू भइसकेको तथा आर्थिक वर्ष २०६७।६८ देखि राष्ट्रिय स्तरका विकास बैंकहरुले पनि समानान्तर रुपमा अवलम्वन गर्नुपर्ने व्यवस्था गरिनेछ।

३०. पूर्व सचेतता प्रणाली (Early Warning System) लाई अझै बढी प्रभावकारी बनाउँदै बैंकका ठूला शाखाहरूको सुपरिवेक्षण कार्यलाई सघाउ पुऱ्याउन शाखा लेखा परीक्षण गर्न लगाइनेछ। बैंकहरुको वित्तीय स्वास्थ्यमा पार्न सक्ने सम्भावित प्रभावतर्फ नेपाल राष्ट्र बैंक सजग (Proactive) रही दवाव परीक्षण (Stress Testing) प्रणालीको विकास गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

३१. बैंक तथा वित्तीय संस्थाका संचालक, प्रमुख कार्यकारी अधिकृत तथा उच्च पदस्थ कर्मचारीको सेवा-सुविधालाई मुलुकको वित्तीय प्रणालीले धान्ने र ग्राह्य हुने गरी व्यवस्थित र पारदर्शी तुल्याउन आवश्यक व्यवस्था गरिनेछ।

३२. बहु-बैंकिङ्ग कारोवारबाट प्रणालीगत जोखिम बढ्न जाने देखिएकोले यस सम्वन्धी अनुगमनलाई थप प्रभावकारी बनाउँदै यसलाई निरुत्साहित गरिनेछ। साख मूल्याङ्कन संस्था स्थापना गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ।

३३. सरोकारवाला पक्षको हित संरक्षणलाई ध्यानमा राखी व्याज, हर्जना व्याज, व्यवस्थापन शुल्क, सेवा शुल्क लगायतका शुल्कका वारेमा स्पष्ट, सरल र बुझ्न सकिने गरी सूचना तथा जानकारी प्रदान गर्नु पर्ने व्यवस्थालाई थप क्रियाशील बनाइनेछ।

३४. वाणिज्य बैंकहरूले मुद्दती निक्षेप तथा मागेको बखत फिर्ता हुने निक्षेप (Call deposit) खोली स्वदेशमा व्याज प्राप्त हुने कुनै पनि प्रकारका निक्षेप खाता खोल्न नपाउने व्यवस्था गरिएको छ।

३५. मूल्य अभिवृद्धि तुलनात्मक रुपले उच्च रहने आवास क्षेत्रतर्फको कर्जालाई केही खुकुलो गर्ने र जग्गाजमीन खरिद तथा प्लटिङ्गतर्फको कर्जामा कडाई गरिंदै लगिने छ। यसका लागि आर्थिक वर्ष २०६७/६८ मा कुल

कर्जाको १० प्रतिशतभन्दा बढी लगानी जग्गा खरिद बिक्रीमा गर्न नपाउने व्यवस्था गरिएको छ । बढी लगानी गरेका संस्थाहरूले यस्तो कर्जा २ वर्षभित्रमा १० प्रतिशतमा झारी सक्नु पर्नेछ ।

३६. एक प्रतिशत भन्दा बढी संस्थापक शेयर धारण गरेका संस्थापक/संस्थापक समूहका शेयरधनीहरूले आफूले धारण गरेको संस्थापक शेयरमध्ये ५० प्रतिशतभन्दा बढी संस्थापक शेयर धितो राखी कर्जा लिन नपाइने व्यवस्था गरिनेछ ।

३७. मार्जिन प्रकृतिको कर्जाको ५० प्रतिशतसम्मको विद्यमान सीमामा वृद्धि गरी ६० प्रतिशत पुऱ्याएइको तथा Trust Receipt कर्जाको विद्यमान ९० दिनको अवधिलाई बढाई १२० दिन कायम गरिएको छ ।

३८. नयाँ वाणिज्य बैंक स्थापनाको लागि निवेदन लिने कार्य अर्को नीतिगत व्यवस्था नभएसम्मको लागि स्थगित गरिएको छ । तर, पूर्वाधार विकासको लागि समेत सहयोग पुग्ने गरी वैदेशिक संयुक्त लगानीमा ठूलो पूँजी र उच्च प्रविधि सहित स्थापना हुने बैंक तथा वित्तीय संस्थाहरूको हकमा यो बन्देज लागू नहुने व्यवस्था गरिएको छ ।

३९. बैंक तथा वित्तीय संस्था संस्थापना सम्बन्धी विद्यमान नीतिगत तथा प्रकृयागत व्यवस्थालाई परिमार्जन गरी चुक्ता पूँजी, संस्थापक समूहको व्यवसायिक संलग्नता र अनुभव, संस्थापक, संचालक तथा पदाधिकारीले उपभोग गर्न सक्ने कर्जा, संचालक मनोनयन/निर्वाचन, संस्थापक सेयर लगानी सीमा, संस्थापक तथा संचालकको योग्यता तथा वित्तीय सेवामा सर्वसाधारणको पहुँच जस्ता पक्षहरूलाई मूलभूत रुपमा समयसापेक्ष बनाइने छ ।

४०. शाखा विस्तार सम्वन्धी विद्यमान व्यवस्थामा परिवर्तन गरी यस बैंकको स्वीकृति लिनु पर्ने व्यवस्था गरिएको छ । पूर्वाधार विकास बैंकको स्थापनार्थ आवश्यक नीतिगत व्यवस्था गरी सो बैंक स्थापनाको लागि पहल गरिनेछ ।

४१. वित्तीय संस्थाको स्तरोन्नति गर्ने कार्य पूँजीको पर्याप्तताको अतिरिक्त व्यवसायिक सम्भाव्यता, संस्थागत क्षमता, प्रतिस्पर्धा र बजारको अवस्था आदिका आधारमा मात्र गर्ने नीतिगत व्यवस्था गरिनेछ । भौगोलिक क्षेत्र विस्तार र क्षेत्रीयस्तरबाट राष्ट्रियस्तरमा परिवर्तन गर्ने कार्यलाई समेत निश्चित मापदण्डको आधारमा गरिनेछ ।

४२. गाभ्ने वा गाभिने सम्वन्धी कार्यलाई प्रोत्साहित गर्न छुट तथा सुहलियत दिने व्यवस्था गरिनेछ । पूँजी बजारको दिगो विकासको लागि म्यूचुअल फण्ड कारोवार गर्न निजी क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुलाई प्रोत्साहन गरिनेछ ।

४३. चाडपर्व तथा अन्य अवसरहरूमा हुने नेपाली रूपैयाँको सटही मागलाई पुरा गर्न तीन वर्षको नोटको मागलाई धान्ने गरी नोट छपाई गर्ने र झुत्रो नोट चलनचल्तीबाट हटाउदै जाने उद्देश्यले सफा नोट मात्र चलनचल्तीमा ल्याउने नीति (Clean Note Policy) क्रमशः लागू गर्दै लगिनेछ ।

**विदेशी विनिमय व्यवस्थापन**

४४. वस्तु तथा सेवा निर्यात गर्ने निर्यात व्यवसायीले निर्यात प्रवर्द्धनको लागि विदेशमा शाखा/सम्पर्क/ प्रदर्शन कक्ष जस्ता कार्यालयहरु खोल्न र विदेशमा खाता खोल्न चाहेमा कुल निर्यातको ५ प्रतिशतमा नबढ्ने गरी निश्चित कार्यविधि तथा शर्त तोकी अनुमति प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

४५. Cash Against Document (CAD) वा बैंक ग्यारेण्टीको आधारमा मालसामान निर्यात गर्दा निर्यात मूल्यको ५ प्रतिशतले हुने रकमको धरौटी वा बैंक जमानत राख्नु पर्ने र CAD को आधारमा एकपटकमा बढीमा अमेरिकी डलर २ लाखसम्मको मालसामान निर्यात गर्न अनुमति प्रदान गर्न सकिने व्यवस्था रहेकोमा यस्तो धरौटी १ प्रतिशत मात्र राखे पुग्ने र एकपटकमा अमेरिकी डलर ५ लाखसम्मको निर्यात अनुमति प्रदान गर्न सकिने व्यवस्था गरिनेछ ।

४६. भारतीय मुद्राको मागमा देखिएको चापलाई दृष्टिगत गरी आवश्यकताको प्रमाणको आधारमा सटही सुविधा प्रदान गर्ने व्यवस्थालाई अझै बढी सरल र पारदर्शी बनाउँदै लगिनेछ ।

४७. अन्य मुलुकहरूका अतिरिक्त भारतबाट समेत नेपालमा बैंकिङ्ग प्रणालीमार्फत विप्रेषण भित्र्याउने व्यवस्थालाई थप प्रभावकारी बनाउँदै लैजाने सम्वन्धमा आवश्यक व्यवस्था गरिनेछ । भारतीय रूपैयाँको कारोवार गर्न

इजाजतपत्रप्राप्त वित्त कम्पनीहरूबाट अनुरोध भई आएमा औचित्यका आधारमा भारतीय बैंकहरूमा Nostro Account खोल्न स्वीकृति दिइनेछ ।

४८. सुनचाँदी व्यवसायी संघको सिफारिशमा सम्वन्धित व्यवसायीहरूले पनि तोकिएको परिमाणमा सुनचाँदी आयात गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

४९. विदेशी विनिमय कारोवारलाई अझ बढी व्यवस्थित एवं नियमित गर्न स्थलगत तथा गैर-स्थलगत निरीक्षण तथा सुपरिवेक्षणलाई सुदृढ गरिने छ ।

**लघुवित्त तथा वित्तीय पहुँच**

५०. लघुवित्त संस्थाहरुको नियमन, निरीक्षण तथा सुपरिवेक्षणका लागि दोश्रो नियामक निकायको रुपमा लघुवित्त प्राधिकरणको स्थापना गर्ने कार्यलाई अघि बढाइनेछ । लघु, साना र मझौला उद्योगमा कर्जा वृद्धि तथा पहुँच एवम् प्रभावकारिताको अनुगमन प्रयोजनको लागि एक छुट्टै डेस्क स्थापना गर्न बैंक तथा वित्तीय संस्थालाई प्रोत्साहित गरिनेछ ।

५१. विपन्न वर्ग कर्जा अन्तर्गत वाणिज्य बैंकतर्फको ३ प्रतिशतको विद्यमान सीमा यथावत कायम गरी विकास बैंकले २.५ प्रतिशत र वित्त कम्पनीले २ प्रतिशत अनिवार्य लगानी गर्नु पर्ने व्यवस्था गरिएको छ ।

५२. महिला शसक्तीकरणमा सहयोग पुऱ्याउने उद्देश्यले बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको रू ३ लाखसम्मको महिला लघुउद्यम कर्जालाई विपन्न वर्ग कर्जामा समावेश गरिने छ र यस्तो कर्जामा नेपाल राष्ट्र बैंकबाट पुनरकर्जा सुविधा उपलव्ध गराइनेछ ।

५३. ५०० किलोवाट क्षमतासम्मको जलविद्युत आयोजनाको कुल लागतको न्यूनतम ५० प्रतिशत वा सो भन्दा बढी लगानी गर्ने परियोजनामा सामुदायिक उपभोक्ता समिति वा निजी क्षेत्रलाई प्रदान गर्ने रू. १ करोडसम्मको कर्जालाई विपन्न वर्ग कर्जा अन्तर्गत गणना गरिने व्यवस्था मिलाइने छ ।

५४. विगत दुई वर्षदेखि विपन्न वर्ग कर्जा उपभोग गरी असल वर्गमा परेका प्रति समूह सदस्य/व्यक्तिलाई सामूहिक/व्यक्तिगत जमानतमा विपन्न वर्गमा प्रवाह गर्नुपर्ने कर्जाको विद्यमान सीमालाई रू. ६० हजारबाट बढाएर ९० हजार र लघु उद्यम कर्जाको सीमालाई रू. १ लाख पचास हजारबाट बढाएर २ लाख रूपैयाँ कायम गरिएको छ ।

५५. किसान वर्गले अन्नबाली संरक्षण गर्ने प्रयोजनार्थ सामुहिक स्वामित्वमा कोल्डस्टोरेज स्थापना गर्न चाहेमा सोको लागि प्रति परिवार १.५० लाख रूपैयाँसम्मको कर्जालाई विपन्न वर्ग कर्जाको रुपमा गणना गरिनेछ । साथै, पशुपालन, मत्स्यपालन, मौरीपालन जस्ता व्यवसायको लागि प्रति परिवार २.५० लाख रूपैयाँसम्मको कर्जालाई पनि विपन्न वर्ग कर्जाको रुपमा गणना गरिनेछ ।

५६. माध्यामिक तथा उच्च माध्यामिक तह सरहको प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनको लागि विपन्न परिवारका युवाहरूलाई बिना धितोमा प्रवाह हुने रू २ लाखसम्मको कर्जालाई विपन्न वर्ग कर्जामा गणना गरिने व्यवस्था गरिएको छ । विपन्न वर्गमा तोकिएबमोजिम कर्जा प्रबाह नगर्ने बैंक तथा वित्तीय संस्थाहरूलाई हर्जाना लगाउदै आएकोमा सो हर्जानाबाट छुट्टै कोष स्थापना गरी ग्रामीण क्षेत्रमा वित्तीय पहुँच अभिवृद्धि कार्यक्रममा उपयोग गरिनेछ ।

५७. साना तथा मझौला जलविद्युत परियोजनाको विकासको लागि केही अंश यस क्षेत्रतर्फ प्रवाह हुन सकोस् भन्ने उद्देश्यले सम्वद्ध सरोकारवालाहरूसंग सहकार्य र समन्वय गरी एउटा छुट्टै जलविद्युत विकास कोष/संस्था खडा गर्ने सम्वन्धमा आवश्यक पहल गरिनेछ ।

५८. "घ" वर्गका वित्तीय संस्थाको स्थापनालाई प्रोत्साहित गर्दै वित्तीय पहुँच सीमित भएका तोकिएका जिल्लामा खुल्ने "ग" वर्गका वित्तीय संस्था तथा १ देखि ३ जिल्ला र बैंकिङ्ग पहुँच नपुगेका क्षेत्रमा ३ देखि १० जिल्ला कार्यक्षेत्र रहने गरी स्थापना हुने विकास बैंकहरुको हकमा इजाजतपत्र खुल्ला गर्ने सम्बन्धमा आवश्यक व्यवस्था मिलाइनेछ ।

५९. वित्तीय सेवाको पर्याप्त पहुँच नपुगेका ठाउँमा शाखा विस्तारको लागि प्रोत्साहन गर्न दुईवटा सम्ममात्र बैंक तथा वित्तीय संस्था वा तीनका शाखा भएका नगरपालिका वा गाउँ विकास समितिमा शाखा विस्तार गरेमा "ग" वर्गका वित्तीय संस्थाहरुलाई अतिरिक्त चुक्ता पूँजी थप गनुपर्ने व्यवस्थामा छुट दिइनेछ ।

६०. नेपाल सरकारले तोकेको २२ दुर्गम जिल्लाका सदरमुकाममा शाखा खोलेमा संचालन खर्चको लागि रू ५० लाखसम्म र सदरमुकाम भन्दा बाहिर खोलेमा रू १ करोडसम्म नेपाल राष्ट्र बैंकबाट निश्चित अवधिको लागि निर्व्याजी सापटी उपलव्ध गराउने व्यवस्था मिलाइनेछ । बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका तोकिएका जिल्लाहरूमा कम्तीमा एक शाखा र अन्यत्र एक शाखा गरी दुई वटा शाखा खोली संचालनमा ल्याए पश्चात मात्र काठमाण्डौ उपत्यकाभित्र एक शाखा खोल्न पाउने व्यवस्था गरिनेछ ।

६१. बैंक तथा वित्तीय संस्थाहरुले न्यूनतम पूँजीगत तथा अन्य खर्चबाट नै ग्रामीण क्षेत्रमा बैंकिङ्ग सेवा उपलब्ध होस् भन्ने उद्देश्य राखी सीमित बैंकिङ्ग सेवा कार्यालय स्थापना गरी तथा विद्युतीय माध्यमबाट समेत वित्तीय कारोवार गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

६२. “घ” वर्गका वित्तीय संस्थामा बचत तथा मुद्दती निक्षेपमा रहेको रू २ लाखसम्मको निक्षेप सुरक्षण गर्ने व्यवस्था मिलाई सकिएको छ । चालू आर्थिक वर्षको शुरुवातदेखि नै सो व्यवस्थालाई क्रमिक रूपमा बैंक तथा अन्य वित्तीय संस्थामा लागू गर्दै लगिने व्यवस्था मिलाइनेछ ।

**अन्त्यमा**

६३. आर्थिक वर्ष २०६६/६७ मा देखिएको शोधनान्तर घाटा, निरन्तरको उच्च मूल्य वृद्धिदर, बैंकहरूमा तरलताको अभाव तथा कर्जा-निक्षेप अनुपात उच्च रहेका कारण निजी क्षेत्रमा कर्जा प्रवाहमा पछिल्लो समयमा आएको शिथिलता तथा घरजग्गा व्यवसायमा केही वित्तीय संस्थाबाट भएको अधिक कर्जा लगानीबाट उत्पन्न आर्थिक विकृति, ठूलो संख्यामा सर्वसाधारणले औपचारिक वित्तीय सेवाबाट अझै विमुख रहनु परेको अवस्था र कृषि तथा अन्य अनौपचारिक क्षेत्रमा संस्थागत कर्जा प्रवाह हुन नसकेको पृष्ठभूमिमा कार्यान्वयनमा ल्याइएको यो मौद्रिक नीतिले कुनै न कुनै रुपमा यी चुनौतीहरू समाधान गर्नेतर्फ योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

६४. प्रस्तुत मौद्रिक नीतिको कार्यान्वयनबाट मुलुकको भुक्तानी सन्तुलनमा सुधार आउने, मुद्रास्फीतिदर एक अंकमा झर्ने, वित्तीय स्थायित्व हासिल हुने र लक्षित आर्थिक वृद्धिदर हासिल गर्नमा सहयोग पुग्ने विश्वास गरिएको छ ।